# हलेसी तुवाचुङ नगरपालिका

दुर्छिम, खोटाङ

कोशी प्रदेश

नेपाल

स्थानीय राजपत्र

खण्डः ७ संख्याः मितिः २०८०/०४/२२

भाग-२


# हलेसी तुवाचुङ नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यविधि, २०८०

निर्णय मितिः २०८०/११/०५
स्वीकृत मितिः २०८०/११/०६

# हलेसी तुवाचुङ नगरपालिका अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यविधि,२०८०

प्रस्तावना हलेसी तुवाचुङ नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन र सुपरिवेक्षण नियमित, व्यवस्थित र प्रभावकारी तुल्याउन कार्यविधि तयार गरी लागु गर्न आवश्यक भएकाले हलेसी तुवाचुङ नगरपालिकाले यो कार्यविधि लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१,संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम " हलेसी तुवाचुङ नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०८०" रहने छ ।

(२) यो कार्यविधि नगरपालिकाले नगर कार्यपालिका बैठकले स्वीकृत गरी हलेसी तुवाचुङ नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२, परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेका यस कार्यविधिमा;-

(क) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले दफा ५ बमोजिम समिति सम्झनुपर्छ ।

(घ) "अनुगमन" भन्नाले नीति, योजना, कार्याक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए, नभएको वा उद्देश्य अपेक्षित नतिजा हासिल भए नभएको सम्बन्धमा निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सूचना संङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्य सम्झनुपर्छ ।

(ङ) "आयोजना" भन्नाले नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण कार्य सम्झनुपर्छ र सो शब्दले संघीय तथा प्रदेश सरकार र गैरसरकारी एवम् सामुदायिक संस्थाबाट नगरपालिकासँग सहकार्य गरी वा नगरपालिका मार्फत गरेको विकास निर्माण कार्य समेतलाई जनाउनेछ ।

(च) "कार्यक्रम" भन्नाले नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रम सम्झनुपर्छ र सो शब्दले संघीय तथा प्रदेश सरकार र गैरसरकारी एवम् सामुदायिक संस्थाबाट नगरपालिकासँग सहकार्य गरी वा नगरपालिका मार्फत सञ्चालित कार्यक्रम समेतलाई जनाउनेछ ।

(छ) "प्रतिवेदन" भन्नाले समितिबाट पेश गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेश गरिएको दस्तावेज सम्झनुपर्छ ।

(ज) "विषयगत समिति" भन्नाले कार्यपालिकाबाट गठन गरिएका विषयगत जिम्मेवारी तोकिएका समिति सम्झनुपर्छ ।

(झ) "सुपरिवेक्षक" भन्नाले अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि बमोजिम समिति वा सो कामको निमित्त जिम्मेवारी कर्मचारी वा पदाधिकारीबाट गरिने स्थलगत निरीक्षण वा चेकजाँच वा रेखदेख सम्बन्धी कार्य सम्झनुपेछ ।

(ञ) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समितिको संयोजक सम्झनुपर्छ।

## परिच्छेद २

## अनुगमन तथा सुपरिवेक्षण

३, उद्देश्यः यस अनुगमन कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) अनुगमन समितिको कार्यलाई व्यबस्थित र प्रभावकारी बनाउने,

(ख) अनुगमन तथा सपरीपेक्षण कार्यलाई परिमाण र उपलब्धी प्राप्तिको औजारका रुपमा अपनाउने,

(ग) स्थानीय योजना र कार्यक्रम कार्यान्वयनमा स्रोत साधन र लाभग्राहीहरुको अपेक्षाबीच सन्तुलन कायम गर्ने

(घ) अनुगमन कार्यमा संलग्न व्यक्ती वा समूहलाई मार्गदर्शन गर्दै अनुगमन प्रकृयालाई पारदर्शि र नियमित बनाउने,

(ङ) दिगो विकासको लागि आयोजनाहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने।

४, अनुगमनको लागि आयोजना तथा कार्यक्रमको वर्गिकरण: (१) अनुगमत तथा सुपरिवेक्षणका लागि आयोजना तथा कार्यक्रमहरुलाई विषयगत क्षेत्रको आधारमा देहाय बमोजिम वर्गिकरण गरिनेछ ।

(क) पूर्वाधार विकास आयोजना,

(ख) क्षमता अधिवृद्धि र सीप विकाससम्बन्धी कार्यक्रमहरु,

(ग) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रम तथा आयोजना,

(घ) वडा स्तरीय आयोजना/योजना तथा कार्यक्रमहरु

(२) उपदफा (१) बमोजिम वर्गिकृत आयोजना तथा कार्यक्रमहरुको प्राथामिकता निर्धारण गरी अनुगमन गरिनेछ ।

५, नगर स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिः (१) नगरपालिकाको कार्य विभाजन नियमावली अनुसार नगरपालिका भित्र सञ्चालन हुने योजना,आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षणका लागि देहाय बमोजिमको एक नगर अनुगमन तथा सुपरिवेक्षण समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) उपप्रमुख | संयोजक |
| (ख) कार्यपालिकाले तोकेको कार्यपालिकाका एकजना महिला सदस्य सहित दुईजना | सदस्य |
| (ग) भौतिक पूर्वाधार शाखा प्रमुख | सदस्य |
| (घ) शाखा प्रमुख योजना तथा अनुगन शाखा | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित अनुगमन तथा सुपरिवेक्षण समितिमा नगरपालिका प्रतिनिधि, कर्मचारीहरु ,नागरिक समाज, सञ्चारकर्मी र योजना तथा कार्यक्रमबाट लाभान्वित हुने व्यक्तिहरु मध्येबाट समेत प्रतिनिधित्व रहने गरी आमन्त्रीत सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

कैलाश बहादुर ठकुराठी
प्रमुख प्रशासकीय अधिकृत

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कामलाई छिटोछरितो बनाउन सम्बन्धित प्राविधिक वा विज्ञहरु सँग परामर्श लिन वा विषयगत टोली/कार्यदलहरु गठन गरी आवश्यक सहयोग लिन सक्नेछ ।

(४) समितिको बैठकको कार्यविधि समिति आफैंले तय गरे बमोजिम हुनेछ ।

६. <u>अनुगमन तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः</u> अनुगमन तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा, व्यवस्था, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजना कार्यान्वयन तालिका अनुसार काम, भए नभएको यकिन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई गर्न लगाउने,

(ग) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुमान, सुपरिवेक्षण गर्नुपर्नेमा सो अनुरुप गरे नगरेको विषयमा अनुगमन गरी आवश्यक निर्देशन दिने,

(घ) निर्धारित गुणस्तर अनुसार काम भए नभएको सम्बन्धमा आवश्यक सुपरिवेक्षण गर्ने,

(ङ) आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयनको प्रगति भए वा नभएको सम्बन्धमा आवश्यक अनुगमन गर्ने,

(च) विषयगत शाखा र अन्य क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाहरुको समेत अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(छ) गैरसरकारी संस्थद्वारा सञ्चालित कार्यक्रम वा आयोजनाहरुको प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ज) समितिले आवश्यक ठानेमा अन्य योजना तथा कार्यक्रमहरु नियमितरुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने।

७, <u>अनुगमन तथा सुपरिवेक्षण प्रक्रियाः</u> (१) समितिले अनुगमन तथा सुपरिवेक्षण कार्य गर्दा सामान्यतया कार्यतालिका बनाई आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा संलग्न पदाधिकारी तथा लाभग्राहीहरुलाई समेत पूर्वसूचना दिई गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आयोजना कार्यान्वयनका सम्बन्धमा प्राप्त सूचना र अनुगमन सुपरिवेक्षण तत्काल गर्नपर्ने अवस्था परेका खण्डका भने कार्यतालिका निर्धारण नगरिकन सोझै कार्यान्वयन स्थलमा अनुगम तथा सुपरिवेक्षण गर्न सकिनेछ ।

(३)अनुगमन तथा सुपरिवेक्षणको कार्यक्रम र त्यस सम्बन्धी तालिकाबारे समितिले कार्यपालिकालाई जानकारी दिनुपर्छ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा सुपरिवेक्षण तालिका प्राप्त भएपछि नगर कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) अनुगमन समितिले सम्बन्धित नगरपालिका वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी उम्मेदवार वा दलसँग समेत छलफल गरी पृष्ठपोषण प्राप्त गर्न सक्नेछ ।

(६)अनुगमन तथा सुपरीवेक्षणको कार्यक्रम र त्यस संम्बन्धी तालिकाबारे समितिले कार्यपालिकालाई जानकारी दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा सुपरिवेक्षण तालिका प्राप्त भएपछि नगर कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) अनुगमन समितिले सम्बन्धित नगरपालिका वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी उम्मेदवार वा दलसँग समेत छलफल गरी पृष्ठपोषण प्राप्त गर्न सक्नेछ ।

(६) अनुगमन समितिले नगर क्षेत्रभित्र सञ्चालित आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरीवेक्षणको क्रममा देहायका मध्ये कुनै वा सबै विधि अवलम्बन गर्न सक्नेछ ।

(क) कार्यान्वयनमा संलग्न व्यक्ति समूह वा निकायबाट नियमित प्रतिवेदन लिने,

(ख) स्थलगत अवलोकन गर्ने,

(ग) सरोकारवालाहरूसँग छलफल आयोजना गर्ने,

(ङ) सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने,

(च) आयोजनाको प्राविधिक परिक्षण गर्ने,

(छ) सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा समितिले उपयुक्त ठहर गरेका अन्य विधिहरू ।

८. <u>अनुगमन तथा सुपरिवेक्षण तालिका तयार गर्नुपर्ने:</u> (१) अनुगमन तथा सुपरिवेक्षण समितिले आयोजना तथा कार्यक्रमहरूको अनुगमनका लागि आयोजना कार्यान्वयन तालिका अनुरूप हुने गरी वार्षिक अनुगमन तालिका तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको तालिकालाई अनुगमन समितिबाट निर्णय गराई कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको तालिका उपर आवश्यक छलफल गरी कार्यपालिकाले स्वीकृति गर्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत तालिका समग्र रूपमा आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनकर्ता उपभोक्ता समिति, निर्माण ब्यसायी, आपूर्तिकर्ता, सेवा प्रदायक संस्था र सम्बन्धित वडा समितिलाई अग्रिम रूपमा जानकारीको लागि उपलब्ध गराउनेछ ।

९. <u>अनुगमन कार्यको खर्च र बन्दोवस्ती:</u> (१) अनुगमन तथा सुपरिवेक्षण तालिका बमोजिम समितिले अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी खर्च नगरसभाले पारित गरेबमोजिम हुनेछ ।

(२) कार्यपालिकाले अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यको सञ्चालन गर्ने, अनुगमन प्रतिवेदनको अभिलेख राख्ने र अनुगमनबाट प्राप्त पृष्ठपोषणलाई लिखित रूपमा कार्यान्वयनकर्ता समक्ष प्रेषित गर्ने कार्यका लागि छुट्टै शाखा वा अधिकारीलाई जिम्मेवारी तोक्नु पर्नेछ ।

१०. <u>अनुगमन तथा सुपरिवेक्षणको क्रममा लेखाजोखा गर्नुपर्ने विवरण:</u> (१) पूर्वाधार विकास सम्बन्धी आयोजनाहरूको अनुगमन गर्दा अनुसूची १ बमोजिमका विवरणहरूको लेखाजोखा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लेखाजोखा गर्दा आयोजना कार्यान्वयनको प्रारम्भिक चरणमा देहायका विषयमा अनुगमन गर्नु पर्नेछः

(क) बजेट रकमको आकार

(ख) आयोजना कार्यान्वयन गरिने स्थान

(ग) लाभग्राही समुदायका सरोकारका विषयहरू

(घ) निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण, डिजाइन, गुणस्तर, आदि

(ङ) आवश्यक पर्ने निर्माण सामग्रीको आपूर्ती स्रोत र सोको गुणस्तर

(च) स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन, आदि

(३) पूर्वाधार आयोजनाको निर्माणाधीन अवस्थामा नियमित प्रक्रियागत अनुगमन र निर्माण सम्पन्न भएपछि अन्तिम अनुगमन गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको अन्तिम अनुगमन देहायका विषयमा गर्नु पर्नेछः

(क) आयोजना स्वीकृत कार्यक्रम, लागत स्टमेट तथा डिजाइन अनुसार सम्पन्न भए नभएको,

(ख) स्वीकृत लागत अनुमान अनुसार काम सम्पन्न भए नभएको,

(ग) निर्माण कार्यको गुणस्तर,

(घ) डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य,

(ङ) आयोजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको,

(५) क्षमता अभिवृद्धि र सीप विकास सम्बन्धी कार्यक्रमको प्रगति अनुगमन गर्दा अनुसूची-२ बमोजिमको कार्यक्रम लागत, सहभागीता, समयावधि, सिकाईका विषयवस्तु र लाभग्राहीको पृष्ठपोषण जस्ता विषय समावेश गर्नु पर्नेछ ।

(६) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने आयोजना र कार्यक्रमको प्रगति अनुगमन गर्दा अनुसूची-२ बमोजिमको लाभग्राही समूदायले नगरपालिकाबाट प्राप्त ऋण वा अनुदानको मात्रा, प्रदान गरिएका यन्त्र औजार र उपकरण, प्राविधिक सहायताको प्रकृति, प्राप्त सहायताको उपयोगको स्तर जस्ता विवरणहरू संलग्न गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको अनुगमन कार्य गर्दा त्यस्तो आयोजना वा कार्यक्रम कम्तीमा पचास प्रतिशत भन्दा बढी भाग कार्यान्वयनमा आइसकेको हुनु पर्नेछ ।

(८) वडास्तरीय आयोजनाको अनुगमन सम्बन्धित वडाको वडा समितिले अनुगमन गरी सोको प्रतिवेदन सहित नगर स्तरिय अनुगमन समितिमा पठाउनुपर्ने छ।

**११. <u>अनुगमन र सुपरीवेक्षणको प्रतिवेदन पेश गर्नुपर्नेः</u>** (१) अनुगमन तथा सुपरीवेक्षणमा जाँदा अनुगमनकर्ता सदस्य र सम्बन्धित आयोजना वा कार्यक्रमको अवस्था झल्किने तस्वीर अनुगमन प्रतिवेदनमा संलग्न गर्नुपर्नेछ ।

(२) अनुगमन समितिले अनुगमन तथा सुपरीवेक्षण कार्यको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्नुपर्दछ ।

(३) आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भूक्तानी गर्दा अनुगमन प्रतिवेदन अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ ।

(४) वडास्तरीय आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भूक्तानी वडा समितिको सिफारिस अनुसार हुनेछ ।

**१२. <u>आचार संहिताः</u>** अनुगमनकर्तालै देहायको आचार संहिता पालन गर्नुपर्नेछः

(१) कुनै किसिमको निहित स्वार्थ नराखि वा बिना पूर्वाग्रह पारदर्शी, वस्तुगत र निष्पक्ष रूपमा काम गर्नु पर्नेछ ।

(२) अनुगमन गर्दा देखिएको वस्तुगत यथार्थलाई प्रतिवेदनमा समेटेको हुनु पर्नेछ ।

(३) अनुगमन तथा सुपरिवेक्षणको प्रतिवेदन व्यक्ति विशेषमा केन्द्रित नभई संस्थागत विषय र विषयगत विषयमा केन्द्रित हुनु पर्नेछ ।

(४) अनुगमन प्रतिवेदन सुधार र पृष्ठपोषणको लागि सहयोगी हुने गरी तयार गर्नुपर्नेछ ।

## परिच्छेद ३
## विविध

३. सिद्धान्त पालना गर्नु पर्नेः (१) वडास्तरीय समितिबाट गरिने अनुगमनमा यस कार्यविधिमा अवलम्बन गरिएका सिद्धान्तलाई पालना गर्नुपर्नेछ ।

(२) वडास्तरीय समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदनको एक प्रति अनुगमन सम्पन्न भएको सात दिनभित्र नगरस्तरीय अनुगमन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) समितिले आयोजना तथा कार्यक्रमको स्थलगत अनुगमन गर्दा यस कार्यविधिमा भएको व्यवस्था अनुरूप विवरण सङ्कलनका लागि अलग्गै चेकलिष्ट तयार गर्नुपर्नेछ ।

१४. <u>कार्यविधिमा संशोधनः</u> समितिले अनुगमन गर्दा प्राप्त गरेको अनुभवका आधारमा कार्यपालिकाले समय समयमा यस कार्यविधिमा आवश्यक परिमार्जन वा हेरफेर तथा अनुसूचीमा थपघट वा संशोधन गर्न सक्नेछ ।

१५. <u>बाधा अड्काउ फुकाउनेः</u> यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार समितिको सिफारिसमा कार्यपालिकालाई हुनेछ ।

## अनुसुची १:

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**पुर्वाधार विकास आयोजनाहरू अनुगमनमा लेखाजोखा गर्नुपर्ने विवरणहरू :**

| | |
|---|---|
| अनुगमन गरिने अयोजना कार्यक्रमको नाम: | |
| अयोजना कार्यक्रमको ठेगाना | |
| अनुगमन मिति | |
| संलग्न टोली सदस्यहरूको नाम | |
| परियोजनाको लागत अनुमान | |
| कार्यान्वयन कर्ताको नाम | |
| कार्यान्वयन शुरू मिति | |
| परियोजना सम्पन्न हुने मिति | |
| लाभान्वित हुने परिवार संख्या | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरू | |
| लाभग्राहीहरूको धारणा र सुझाव | |
| शुरूवाती डिजाइन अनुसारको फाउण्डेशन | |
| भौगोलिक एवं वातावरणिय जोखिम | |
| सुधार गर्नुपर्ने | |
| कार्यान्वयन कर्तालाई सुझाव | |
| फोटोग्राफ | |
| संलग्न प्राविधिकको राय | |

हेमराज बहादुर ठकुराठी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची २ :

(दफा १० को उपदफा (४) र (५) सँग सम्बन्धित)

**क्षमता अभिवृद्धि र सीप विकस, स्वारोजगार तथा उत्पादनमूलक र उद्दमशीलता प्रवर्द्धन गर्ने आयोजना र कार्यक्रमहरू अनुगमनको क्रममा लेखाजोखा गर्नुपर्ने विवरणहरू :**

| | |
|---|---|
| अनुगमन गरिने अयोजना कार्यक्रमको नाम: | |
| अयोजना कार्यक्रमहुने स्थान | |
| अनुगमन मिति | |
| संलग्न टोली सदस्यहरूको नाम | |
| परियोजनाको लागत अनुमान | |
| कार्यान्वयन कर्ताको नाम | |
| कार्यान्वयन शुरू मिति | |
| परियोजना सम्पन्न हुने मिति | |
| लाभान्वित हुने परिवार संख्या | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरू | |
| लाभग्राहीहरूको धारणा र अपेक्षा | |
| अपेक्षित उपलब्धि | |
| सिकाई र प्राप्तिको स्तर | |
| सुधार गर्नुपर्ने | |
| कार्यान्वयन कर्तालाई सुझाव | |
| फोटोग्राफ | |
| संलग्न शाखा प्रमुखको राय | |

प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची ३:**

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**अनुगमन प्रतिवेदनको ढाँचा**

| | |
|---|---|
| अनुगमन गरिने अयोजना कार्यक्रमको नाम: | |
| अयोजना कार्यक्रमको ठेगाना | |
| अनुगमन मिति | |
| अनुगमनमा संलग्न टोली सदस्यहरूको नाम | |
| कार्यान्वयन कर्ताको नाम | |
| कार्यान्वयन शुरू मिति | |
| परियोजना पूरा हुने प्रस्तावित मिति | |
| सम्पन्नतामा लाग्न सक्ने थप अवधि | |
| परियोजनाको लागत थपघट हुने अवस्था | |
| लाभान्वित हुने परिवार सख्या | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरू | |
| लाभग्राहीहरूको धारणा र अपेक्षा | |
| शुरूवाती डिजाइनमा हेरफेर भएको भए सो को विवरण (तस्विर सहित) | |
| भौगोलिक एंव वातावरणिय प्रभाव | |
| लक्षित समूहको उत्थानमा पुग्ने योगदान | |
| कार्यान्वयन कर्तालाई विशेष सुझाव | |
| फोटोग्राफ | |
| सम्वद्ध विषयगत कर्मचारीको राय कमेन्ट | |
| हस्ताक्षर(संयोजकको अनिवार्य) | |

आज्ञाले

कैलास बहादुर ठकुराठी

प्रमुख प्रशासकीय अधिकृत

कैलास बहादुर ठकुराठी
प्रमुख प्रशासकीय अधिकृत